बैठक नं. ७३
आ.व.२०८२।०८३

मिति : २०८२।१०।१८
समय : दिउँसो १:०० बजे
स्थान : नगरपालिकाको कार्यालय

आज मिति २०८२।१०।१८ गतेका दिन यस घोडाघोडी नगरपालिकाका नगर प्रमुख श्री खडक बहादुर रावत ज्यूको अध्यक्षतामा तपशिलको उपस्थितीमा नगरकार्यपालिकाको बैठक वसी निम्न बमोजिमका प्रस्तावहरु माथि छलफल गरि निम्नानुसारको निर्णय गरियो ।

उपस्थिती :

१) नगर प्रमुख श्री खडक बहादुर रावत
२) नगर उप–प्रमुख श्री गुलिया कुमारी चौधरी
३) वडा नं. १वडा अध्यक्ष श्री घनश्याम ओझा
४) वडा नं. २ वडा अध्यक्ष श्री लक्ष्मी प्रसाद चौधरी
५) वडा नं. ३ वडा अध्यक्ष श्री कृष्ण प्रसाद गौतम
६) वडा नं. ४ वडा अध्यक्ष श्री भरत बहादुर शाही
७) वडा नं. ५ वडा अध्यक्ष श्री लोक बहादुर चन्द
८) वडा नं. ६ वडा अध्यक्ष श्री धन बहादुर चौधरी
९) वडा नं.७ वडा अध्यक्ष श्री जुगराम डगौरा
१०) वडा नं. ८ वडा अध्यक्ष श्री विर बहादुर साउँद
११) वडा नं. ९ वडा अध्यक्ष श्री हरिचन्द्र शाह
१२) वडा नं. १०वडा अध्यक्ष श्री विजय राज स्वार
१३) वडा नं. ११वडा अध्यक्ष श्री दान सिंह जोगी
१४) वडा नं. १२ वडा अध्यक्ष श्री राम दुलारे चौधरी
१५) नगरकार्यपालिका सदस्य (वडा नं. २) श्री गिता सुनार
१६) नगरकार्यपालिका सदस्य (वडा नं. ३) श्री विस्ना देवी डगौरा
१७) नगरकार्यपालिका सदस्य (वडा नं. ६) श्री कमला कुमारी वि.क. चुनारा
१८) नगरकार्यपालिका सदस्य(वडा नं. ८) श्री भवीसरा भण्डारी
१९) नगरकार्यपालिका सदस्य (वडा नं. १०) श्री मिना कुमारी वि.क.
२०) नगरकार्यपालिका सदस्य(वडा नं. ३) श्री भक्त बहादुर वि.क.
२१) नगरकार्यपालिका सदस्य (वडा नं. ४) श्री टेकेन्द्र बहादुर नेपाली
२२) नगरकार्यपालिका सदस्य (वडा नं. १२) श्री आकाश परियार
२३) नगरकार्यपालिका सचिव श्री शिव सिंह भण्डारी

प्रस्तावहरू:

प्रस्ताव नं. १. नदिजन्य पदार्थ उत्खनन् संकलनको सहज आपूर्ति सम्बन्धमा ।

निर्णयहरू:

निर्णय नं. १ प्रस्ताव नं. १ माथि आबश्यक छलफल गर्दा घोडाघोडी नगरपालिकाको चालु आ. व. २०८२/०८३ को नदिजन्य पदार्थ उत्खनन् संकलनको ठेक्का बन्दोवस्त समयमा हुन नसकेको कारण नदिजन्य पदार्थको सहज आपूर्ति हुन नसकी स्थानीय ट्र्याक्टर धनी र निर्माण व्यावसायीहरूले संयुक्त रूपमा आ आफ्ना ट्र्याक्टरहरू सहित नगरपालिका परिसर भित्र नदिजन्य पदार्थ खोल्नको लागि घेराउ गरि मिति २०८२ माघ १८ गतेका दिन दिउसो देखि नै कार्यालयमा तालाबन्दी भएको अवस्थामा नदिजन्य पदार्थको सहज आपूर्तिका लागि ट्र्याक्टर धनी र निर्माण व्यावसायीसंग देहाय अनुसारको सहमति गर्ने निर्णय गरियो ।

देहाय

१. यस नगरपालिकाले मिति २०८२।१०।०८ गते नदिजन्य पदार्थ उत्खनन् संकलनको ३० दिने सार्वजनिक सूचना आह्वान गरेको हुँदा उक्त सूचनाको अवधिमा नदिजन्य पदार्थ उत्खनन् संकलन गर्न अन्य प्रकृया अवलम्बन गर्न नमिल्ने भएकोले उक्त सूचनाको अवधि भित्र नदिजन्य पदार्थको ठेक्का बन्दोवस्त हुन नसकेमा आम नागरिक, ट्र्याक्टर धनी र निर्माण व्यावसायीलाइ उक्त सूचनाको म्याद सकिए लगत्तै नदिजन्य पदार्थको आपूर्तिको लागि कार्यालयले उपयुक्त कानुनी विधिको प्रयोग गरि नदिजन्य पदार्थको सहजरूपमा उत्खनन् संकलन गर्ने वातावरणको सुनिश्चतता गर्ने ।